# जानकी फाइनान्स कम्पनी लिमिटेड
# Janaki Finance Company Ltd.

जनकपुरधाम, नेपाल

फोन नं.: ०४१-५९०५८६, ०४१-५९०५८७

इमेल: info@jfcjanakpur.com, वेवसाइट: www.jfcjanakpur.com


## २५ औं बार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/१०/१४

मिति २०७८/१०/१२ गते बसेको सञ्चालक समितिको बैठक नं.३२५ को निर्णयानुसार निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गर्नको लागि यस वित्तीय संस्थाको २५ औं बार्षिक साधारण सभा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा बस्ने मिति, समय र स्थान :**

**मिति : २०७८ साल फाल्गुन ०७ गते (तदनुसार फेब्रुअरी १९, २०२२) शनिवार**

**समय : बिहान १०:०० बजे ।**

**स्थान : होटल मानकी इन्टरनेशनल प्रा.लि., शिवचौक, जनकपुरधाम ।**

**२. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

२. यस कम्पनीको सञ्चालक समितिका सदस्यज्यूहरुको पदावधि समाप्त भएकोले संस्थापक तर्फ ३ जना तथा सर्वसाधारण तर्फ २ जना गरी ५ जना सञ्चालक निर्वाचन सम्बन्धि प्रस्ताव।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको ०.७८९५% का दरले हुने नगद लाभाँश रु.४७,४०,०८९।४७ (अक्षरेपी सैतालिस लाख चालिस हजार उनानब्बे पैसा सैतालिस) (बोनस शेयर कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृत गर्ने।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को हरहिसाब लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रत्येक शेयरको १५% को अनुपातमा आ.ब.२०७७/७८ को नाफाबाट रु.९,००,६१,७००।०० (अक्षरेपी नौ करोड एकसठ्ठी हजार सात सय) बराबरको बोनस शेयर जारी गर्न तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्दा कुनै भिन्न अंक आएमा शेयरधनी समूहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न अंकको बोनस शेयरलाई शेयरको अंकित मूल्यका आधारमा अधिकत्तम भिन्न अंक प्राप्त हुनेलाई प्रचलित नियमानुसार समायोजन गरी पूर्ण अंकमा परिणत गरी तदनुकुल चुक्ता पूँजीमा समायोजन गर्न स्वीकृत गर्ने।

२. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने।

३. उपरोक्त प्रस्ताव नं.ख अन्तर्गत पारित विशेष प्रस्तावहरु समेतलाई समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय तथा सम्बन्धित अन्य निकायबाट स्वीकृत गराउन तथा केही संशोधन गर्नुपर्ने भए सो समेत गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने।

**(ग) विविध ।**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. मिति २०७८ साल माघ २४ गतेदेखि २०७८ फाल्गुन ०६ गतेसम्म शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहने छ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७८।१०।२३ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन सक्नेछन्।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई सभा हुने दिन शेयर प्रमाण पत्रमा उल्लेखित परिचयपत्र नं./हितग्राही खाता खोलिएको प्रमाण सहित वित्तीय संस्थाद्धारा जारी गरिएको प्रवेश पत्र साथमा लिई आउन हुन अनुरोध छ। प्रवेश पत्र प्राप्त नगर्नु भएका शेयरधनीले आफ्नो कुनै एक सक्कल शेयर प्रमाणपत्र/हितग्राही खाता खोलिएको प्रमाणपत्र परिचय खुल्ने कुनै प्रमाण (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) साथमा लिई आउन हुन अनुरोध छ। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान ९:०० देखि सभा संचालन रहुन्जेलसम्म खुल्ला रहनेछ।

३. प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, स्टेशन रोड, जनकपुरधाममा दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ।

४. सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ।

५. सर्वसम्मतबाट प्रतिनिधी चयन गरिएको अवस्थामा बाहेक एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाममा उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्नेछ।

६. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको व्यक्तिले मात्र सभामा भाग लिन सक्नु हुनेछ। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधी (प्रोक्सी) भई सभामा भाग लिन सक्नु हुने छैन।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

८. प्रतिनिधी मुकरर गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधी एकै व्यक्तिलाई गर्नु पर्दछ। एक भन्दा बढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्ठाएर दिएमा बदर हुनेछ।

९. छलफलका बिषयसूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यस्ता बिषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

१०. शेयरधनी महानुभावहरुको जानकारीको लागि वित्तीय संस्थाको संक्षिप्त आर्थिक विवरण वित्तीय संस्थाको वेवसाइटः www.jfcjanakpur.com मा प्रकाशित गरिएको छ। पूर्ण आर्थिक विवरण, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, बार्षिक साधारण सभामा प्रस्तुत छलफलका बिषयहरु सहितको बार्षिक प्रतिवेदन वित्तीय संस्थाको वेवसाइटमा प्रकाशित गरिनेछ। अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयको फोन नं.०४१-५९०५८६ मा सम्पर्क राख्नु हुन वा वेवसाइटः www.jfcjanakpur.com मा हेर्नुहुन अनुरोध छ।